**नेपाल सरकार**
**शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर**
**स्नातकोत्तर तहबाट अस्थायी अध्यापन अनुमति पत्र प्राप्त गरी**
**तालिम पूरा गरेका व्यक्तिहरुका लागि जरुरी सूचना**

यस आयोगको मिति २०६८ पौष २७ गते प्रकासित विज्ञापन नम्वर २३/०६८/०६९ अनुसार माध्यमिक तहमा अध्यापन गर्ने प्रयोजनका लागि स्नातकोत्तर तह उत्तीर्ण गरेका व्यक्तिहरुलाई यस आयोगद्वारा मिति २०६८।१२।२५ मा लिइएको लिखित परीक्षाबाट अस्थायी अध्यापन अनुमति पत्र प्रदान गरिएकोमा मिति २०७२।०८।९ को निर्णय अनुसार उक्त अस्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेका र हाल आएर तालिम पूरा गरेका ( एम.एड./वि.एड. वा माध्यमिक शिक्षक १० महिने तालिम पूरा गरेका ) र सेवामा प्रवेश गरेको भए सेवा प्रबेश गरेको मितिले २ (दुई) बर्ष भित्र एम.एड./वि.एड. वा १० महिने तालिम पूरा गरेका व्यक्तिहरुबाट स्थायी अध्यापन अनुमति पत्र प्राप्त गर्ने प्रयोजनका लागि देहायका कागजातहरु संलग्न राखी आफूले पहिला अस्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेकै क्षेत्रीय शिक्षा निर्देशनालयमा मिति २०७३ साल भाद्र मसान्त भित्र निवेदन दिनका लागि तेस्रो पटक यो सूचना प्रकासित गरिएको छ ।

<u>तपसिल</u>

१. निवेदन (आँफैले दिनु पर्ने) ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
३. अस्थायी अध्यापन अनुमति पत्रको सक्कल प्रति ।
४. स्नातकोत्तर तह उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाण-पत्रको प्रतिलिपी ।
५. एम.एड., वि.एड. गरेको ट्रान्सकृप्ट, चारित्रिक प्रमाण-पत्र वा माध्यमिक शिक्षक १० महिने तालिम पूरा गरेको प्रमाण-पत्रको प्रतिलिपी ।
६. हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो दुई प्रति ।
७. राजश्व बापत रु ३५०।- दाखिला गरेको नगदि रसिद ।
८. प्रमाण पत्रका प्रतिलिपिहरुको पछाडिपट्टि निवेदकले सककल बमोजिम नक्कल ठीक छ भनी हस्ताक्षर गर्ने र सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयले सक्कल हेरी अनिबार्यरुपमा प्रमाणित गर्नुपर्ने छ ।

पुनश्च :-क्षेत्रीय शिक्षा निर्देशनालयहरुले यसै सूचनालाई आधारमानी आवस्यक व्यवस्था गर्नु गराउनुहुन ।